स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली चलचित्रका चकलेटी अभिनेता प्रदीप खड्का बलिउडमा प्रवेश गर्ने पक्का भएको छ । उनको पहिलो हिन्दी चलचित्र 'ऐरी' निर्माणको घोषणा गरिएको छ । भिडियो सार्वजनिक गर्दै चलचित्रको टाइटल घोषणा गरिएको हो । यो चलचित्र हिन्दीसहित विभिन्न भाषामा बन्ने तयारी रहेको निर्माण पक्षले जनाएको छ । भारतीय चलचित्रका वितरक सुवास काले, प्रशान्त कुमार गुप्ता र राजन कुँवरले यसमा लगानी गर्न लागेका हुन् । चलचित्रलाई जीवन थापाले निर्देशन गर्नेछन् । चलचित्र आउँदो वर्ष २०२४ मा रिलिज हुनेछ ।

**आजको विचार...**



उत्पादनदेखि...

*(दुई पेजमा)*

**स्वयम्भुनाथ कार्की**

एक समय नेपाली फिल्ममा अभिनेता राजेश हमालको जगजगी थियो । पोस्टरमा उनको टाउको मात्र राख्दा पनि फिल्म चल्थ्यो । उनै हमाल फिल्ममा नदेखिएको धेरै भइसक्यो। आखिर किन हमालको फिल्मबाट दुरी बनिरहेको छ ? के अचेल उनलाई फिल्मको अफर नै नआएको हो र ? अभिनेता हमाल भने आफूलाई अहिले पनि फिल्म अफरको कमी नभएको बताउँछन् । 'अहिले फिल्ममा मैले काम गरे भने पक्कै पनि पुरानो ढाँचामा काम गर्ने कुरो भएन । अहिले पनि फिल्ममा काम गर्दा मेरो उद्देश्य प्रभावकारी होस् भन्ने हुन्छ', हमालले भने ।



❑ वर्ष २९ ❑ अंक १२४ ❑ २०८० मंसिर १६ गते शनिबार 2 December 2023, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### गाजामा नयाँ आक्रमण : ३२ को मृत्यु

**(रासस-सिन्ह्वा)**

**गाजा,** मंसिर १५/गाजा पट्टीमा इजरायली हवाई आक्रमणमा कम्तिमा ३२ जनाको मृत्यु हुनाको साथै थुप्रै घाइते भएको गाजा पट्टीका चिकित्सा स्रोतहरूले शुक्रबार सिन्ह्वालाई बताएका छन् । गाजा पट्टीका थुप्रै क्षेत्रहरूलाई लक्षित गर्दै इजरायलीहरूले गरेको हमलामा परी कम्तिमा ३२ जना प्यालेस्टाइनीहरू मारिएको र थुप्रै घाइते भएको स्रोतले जनाकरी दिएको छ । गाजाको सरकारी सञ्चार कार्यालयले विज्ञप्ति जारी गर्दै इजरायली विमानले गाजा पट्टीका विभिन्न शहरहरूका बसोबास रहेको र भीडभाड भएका क्षेत्रहरूमा बमबारी जारी राखेको जनाएको छ । विज्ञप्तिमा बालबालिका र महिलाहरू विरुद्ध जारू आक्रमणका लागि अन्तरराष्ट्रिय समुदायलाई जिम्मेवार ठहराइएको छ । इजरायली सञ्चार माध्यमका अनुसार नोभेम्बर २४ मा इजरायल र हमासले अल्पकालीन युद्धविराम गरेपछि पहिलो पटक शुक्रबार बिहान गाजासँगको सीमा नजिक इजरायली शहरहरूमा साइरन बजिरहेको आवाज सुनिन्थ्यो । इजरायली सेनाले गाजा पट्टीबाट इजरायलतर्फ प्रहार गरिएको क्षेप्यास्त्रलाई रोकेको पुष्टि गरेको छ ।

### नक्कली भुटानी शरणार्थी प्रकरण

# पूर्वमन्त्री रायमाझीसहित ९ जना पुर्पक्षका लागि थुनामै, खाण रिहा हुन पाएनन्

## ६ जनालाई धरौटी, ४ जनालाई साधारण तारेखमा छाड्न आदेश

**हाम्रा संवाददाता**

**पाल्पा,** मंसिर १५/नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका पूर्व उपप्रधान मन्त्री एवं एमाले नेता टोपबहादुर रायमाझीसहित ९ जनालाई छाड्न उच्च अदालत पाटनले अस्वीकार गरेको छ । अदालतले थुनछेक विरुद्धको पुनरावेदनमा शुक्रबार शुनुवाइ गर्दै रायमाझीसहित ९ जनालाई छाड्न अस्वीकार गरेको हो ।

न्यायाधीश जनक पाण्डे र प्रकाश खरेलको संयुक्त इजलासले रायमाझीसँगै तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सल्लाहकार



इन्द्रजित राई, पूर्वगृह सचिव टेकनारायण पाण्डे, केशव दुलाल, आङटावा शेर्पा, सानु भण्डारी, सन्देश शर्मा, गोविन्दकुमार चौधरी र सागर राईलाई थुनामा राख्ने जिल्ला अदालत, काठमाडौंको आदेश सदर गरेको छ । यस्तै पूर्वगृहमन्त्री एवं नेपाली काँग्रेसका केन्द्रीय सदस्य बालकृष्ण खाण धरौटीमा रिहा हुन पाएनन् । खाणलाई धरौटीमा रिहा गर्ने कि थुनामै राख्ने भन्ने बारे उच्च अदालत पाटनका न्यायाधीशको राय बाँझिएको छ ।

न्यायाधीश जनकराज पाण्डेले धरौटीमा छाड्नु पर्ने राय दिए पनि पूर्पक्षका लागि थुनामा राख्ने जिल्ला अदालतको आदेशलाई सदर गर्ने पक्षमा अर्का न्यायाधीश प्रकाश खरेलले राय दिएका कारण राय बाझिन पुगेको हो । संयुक्त इजलासमा राय बाझिएपछि अब अर्को इजलासमा छिनोफानो हुनेछ । खाण छुट्छन् कि छुट्दैनन् भन्ने निक्यौल अब तेस्रो न्यायाधीशको मतमा भर पर्नेछ । यस्तै, उच्च अदालत पाटनले ६ जनालाई धरौटीमा तथा ४ जनालाई साधारण तारेखमा छोड्न आदेश गरेको छ । नरेन्द्र केसी, हरिभक्त महर्जन, शम्शेर मियाँ, सन्दीप रायमाझी, टेकनाथ रिजाल, रामशरण केसीलाई धरौटीमा छोड्न आदेश गरेको छ । अदालतले नरेन्द्र केसीलाई १० लाख, हरिभक्त महर्जनलाई १५ लाख, शम्शेर मियालाई १० लाख, सन्दिप रायमाझीलाई ३० लाख, टेकनाथ रिजाल र रामशरण केसीलाई १५/१५ लाख धरौटी माग गरेको छ । यस्तै उसले लक्ष्मी महर्जन, आशिष बुढाथोकी, टंककुमार गुरुङ र केशव तुलाधरलाई साधारण तारेखमा छोड्न आदेश दिएको हो । सुनुवाइ बिहीबार सकिए पनि फैसला शुक्रबार मात्रै आएको हो ।

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# किसानको गुनासो 'कफीले प्रतिफल दिएन'

**गुल्मी,** मंसिर १५/चिसो मौसम सुरु भएसँगै गुल्मीका कफी किसानलाई चिन्ता थपिएको छ । चिसो मौसममा तुसारो पर्ने र कफीमा गँवारोको समस्या बढी देखिने भएका कारण चिसो मौसममा कफीका बिरुवा र बोट जोगाउन समस्या देखिएको छ ।

कृषि ज्ञानकेन्द्र गुल्मीले कफीको जननी जिल्ला गुल्मी कफीको उत्पादन र उत्पादकत्व कसरी वृद्धि गर्न सकिन्छ भन्ने उद्देश्यले जिल्लाका कफी किसानसँग छलफल गरेको थियो । छलफलमा अधिकांश किसानले कफीबाट आफूहरुले सोंचेअनुसारको प्रतिफल प्राप्त गर्न नसकेको पनि गुनासो गरे । किसानलाई राज्यले कफीका बिरुवामा अनुदान दिनुभन्दा बरु एक जना ज्यामी बराबरको पारिश्रमिक उपलब्ध गराउनुपर्ने उनीहरुको माग थियो ।



व्यावसायिक कफीखेती गरी एक हजारदेखि १५ सय विरुवासम्म कफी लगाउने किसानलाई मासिक एक जना ज्यामी बराबरको रकम उपलब्ध गराउनुपर्ने उनीहरुको माग थियो । रुरुक्षेत्र गाउँपालिका-१ अन्तर्गत भड्कुवाकी किसान मना भट्टराईले चिसो मौसम सुरु भएपछि कफीका बिरुवा मर्ने र फल्ने समयमा सेतो गँवारो, तुसारो, छहारीको समस्याजस्ता कारण कफीका बोट सुक्दै जाने गरेको बताईन् । भट्टराई जस्तै लामो समयदेखि व्यावसायिकरुपमा कफी खेती गर्दै आएकी, भडकुवा, बलेटक्सार, आँपचौर मुसिकोट लगायतका अधिकांश कफी किसानको पनि उस्तै गुनासो थियो । संघ, प्रदेश र स्थानीयतहले कफीमा दिने अनुदान नीतिमा पनि परिमार्जन गर्नुपर्नेमा उनीहरुको सुझाव थियो । स्थलगत रुपमा अध्ययन नगरी कफी लगाउने नाममा बिरुवामा दिइने अनुदानले किसानलाई फाइदा नपुग्ने किसानको भनाइ छ ।

कफी किसानले अनुदान दिने प्रणालीमा परिवर्तन गरी कफी लगाएका आधारमा स्थलगत रुपमा निरीक्षण गरेर मात्र किसानलाई अनुदान उपलब्ध गराउने नीति बनाउन आग्रह गरे ।

*(...बाँकी अन्तिम पेजमा)*

## सूचना ! सूचना !! सूचना !!!

यस मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्थाबाट कर्जा लिई कारोवार गर्नु हुने सम्पूर्ण ऋणीहरुले नियमित रुपमा बुझाउनु पर्ने साँवा र व्याज संस्थामा बुझाउनु हुन अनुरोध गर्दछौं । यो सूचना प्राप्त भएको मितिले १५ दिन भित्र संस्थामा सम्पर्कको लागि अनुरोध गर्दछौं । अन्यथा सस्थाको नियमानुसार कानूनी कारवाही प्रक्रिया अगाडि बढाउने यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

**श्री मणिमुकुन्द बचत तथा ऋण सहकारी सस्था लि.**

**तानसेन-३, पाल्पा**

**सम्पर्क नम्बर: ०७५-५२०७९४ र ०७५-५२२५४५**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## दासता व्यवहारबाटै उन्मूलन होस्

आज अन्तर्राष्ट्रिय दासता उन्मूलन दिवस, नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदैछ । विभिन्न क्षेत्रमा हुने गरेको शोषण अन्त्यका लागि सन्देश प्रवाह गर्न संयुक्त राष्ट्रसंघको आह्वानमा हरेक वर्ष डिसेम्वर २ का दिन यो दिवस मनाउने गरिन्छ । हरेक वर्ष यो दिवस मनाउने गरिए पनि यसले खासै सार्थकता भने पाएको देखिँदैन । नेपालमा दास तथा दासता प्रथाहरुको अन्त्य भएपनि दासताको परिवर्तित स्वरुपले भो चुनौति दिइरहेको छ । नेपालमा श्री ३ चन्द्र शमसेर राणाले विसं १९८३ मा दास प्रथा उन्मुलनको घोषणा गरेका थिए । पुराना तरिकाका दास तथा दासताका प्रथा घटे पनि मानव तस्कर, अङ्ग तस्कर र जबरजस्ती यौन व्यवसायमा लगाइने गरेको पाइएको छ ।

२१ औं शताब्दीमा आइपुग्दा पनि मानिस एक अर्कोबाट दास बन्नु परेको छ । नेपालमा विगतका कानुनी मान्यता प्राप्त दासता अहिले पनि यो वा त्यो रुपमा लुकेर क्रियाशील भइरहेका मात्र छैनन् बरु आधुनिक दासताका नयाँ–नयाँ ढाँचा आइरहेका छन् । दासलाई नेपालमा कमैया, कम्हलरी, हली, हरवा, चरवाको रुपमा केही बर्षअघिसम्म सम्बोधन गरिन्थ्यो । सैद्धान्तिक रुपमा अहिले निर्मूल गरिएको निश्चितै छ,तर व्यवहारिक रुपमा अहिलेसम्म कतिपय ठाउँमा कायमै छ । हो, नाम फेरिएको छ । व्यवहारमा केही नरमपना आएको होला, तर प्रवृत्तिले फड्को मार्न सकिरहेको छैन वा यो व्यवहारिक रुपमा निर्मूल भएको छैन । भलै सविधानमा दास प्रथाजन्य कार्यहरुलाई वर्जित गरिएको होस् या उन्मूलनका कानुन नै पारित गरिएको किन नहोस्रु । कृषि, सामन्तवादी, उपनिवेषवादी युग हुँदै पुँजीवादी युगको चरम अवस्थामा पनि गरिब र पछौटे समाजबाट परिवर्तित स्वरूपको दास प्रथामार्फत श्रम बजार भरिएका छन् । यो अत्यन्त दुखको कुरा हो । देशको हकमा दास प्रथाहरू अन्त्य त भए तर ती कानुनी रुपमा मात्र । व्यावहारिक रुपमा भने अन्त्य हुन सकेनन् । कानुनी रुपमा कमैया, कमलरी प्रथा अन्त्य गरियो तर उनीहरुको पुर्नस्थापना हुन सकेन । कानुनी रुपमा मात्र अन्त्य गरेर समस्याको समाधान हुँदैन । जबसम्म व्यावहारिक रुपमा हामीले समस्या समाधान गर्दैनौं तबसम्म कुनै पनि समस्याको समाधान हुन सक्दैन । यसका लागि जनचेतनामूलक कार्यक्रमहरू गाउँ–गाउँमा पुऱ्याउन आवश्यक छ । यसो गर्न सकियो भने मात्र दासताका अनेक स्वरूपलाई व्यवहारिक रुपमै उन्मूलन गर्न सकिन्छ । दासता कुनै पनि अर्थमा सही र राम्रो होइन । तसर्थ यस वर्षाको दासता उन्मूलन दिवसले व्यवहारबाटै उन्मूलन गर्न सकोस् ।

## Opinion @ Social Network


गल्ती गर्नेलाई मौका दिनुहोस् तर धोका दिनेलाई माफी पनि नदिनुहोस्
किनकि गल्ती अन्जानमा हुन्छ तर धोका योजनावद्ध हुन्छ ।
(रोहित श्रेष्ठको फेसबुक स्टाटस https://www.facebook.com/rohit.shrestha)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# उत्पादनदेखि उपभोगसम्मको यात्रा अर्थतन्त्र



**स्वयम्भुनाथ कार्की**

*प्रजातिभित्रको फरक फरक किसिमलाई आवश्यकता अनुसार उपजाति शब्द प्रयोग गरिनेछ । उसै पनि अर्थशास्त्र मान्छे अर्थात् होमो सेपियन्सबीचको विनिमय वा लेनदेनको घेरामा रहेको छ । चाहे पूर्वीय होस् वा पश्चिमा सबै अर्थशास्त्रले मान्छेमान्छे बीच गतिशील अर्थतन्त्रको कुरा गर्दछ । विश्वमा मान्छेबाहेक अन्य कुनै प्राणीमा पनि यस्ता आर्थिक गतिविधि, क्रियाकलाप भेटिन्छन् वा भेटिँदैन भन्ने बारेमा सम्भवतः अध्ययन भएको छैन वा अध्ययन गर्न आवश्यक ठानिएको छैन । त्यसैले अहिलेलाई अर्थ, अर्थको गति तथा दिशा, अर्थतन्त्र, अर्थशास्त्र आदि अवधारणा केवल मानव प्रजातिभित्र नै रहेका हुन्छन् भन्ने मान्यता स्थापित भएको छ ।*

प्राणीको आवश्यकता र त्यसको आपूर्तिका बीचमा हुने हरेक क्रियाकलाप अर्थतन्त्र हो भन्ने कुरा अस्वीकार गर्न सकिँदैन । त्यसो भन्दै गर्दा आफैँले उत्पादन गर्ने र आफैँले उपयोग गर्ने अर्थात् विनिमय नगर्ने जीवहरूमा अर्थतन्त्रको यो अवधारणा लागू हुन्छ कि हुन्न भन्ने प्रश्न उठ्नसक्छ । बिना कुनै विनिमय आफ्नो आवश्यकताको निमित्त प्राप्त गर्ने र त्यसको उपभोग या उपयोगमात्र गर्ने अवस्थामा अर्थतन्त्रको उपस्थिति हुँदैन । एक आर्थिक एकाई र अर्को आर्थिक एकाइबीच विनिमय वा लेनदेन नभएको अवस्थामा अर्थको गति नै पैदा हुँदैन । अर्थतन्त्रको अस्तित्व देखिन यस्तो लेनदेन वा विनिमय एकै प्रजातिबीच हुनुपर्ने हुन्छ । भोजनचक्रमा भोजक र भोज्य उत्पादक र उपभोक्ता जस्तै सम्बन्ध रहन्छ वा देखिनसक्छ । तर, यस प्रकारको विनिमयलाई अर्थतन्त्र भन्न सकिन्न । विनिमय एकै प्रजातिभित्र हुन्छ भनेमात्र त्यस्ता लेनदेनले अर्थतन्त्र निर्माण गर्दछ । यहाँ प्रयुक्त प्रजाति शब्द एकै जीववैज्ञानिक नामधारी जीवलाई जनाउन प्रयोग गरिएको हो । प्रजातिभित्रको फरक फरक किसिमलाई आवश्यकता अनुसार उपजाति शब्द प्रयोग गरिनेछ । उसै पनि अर्थशास्त्र मान्छे अर्थात् होमो सेपियन्सबीचको विनिमय वा लेनदेनको घेरामा रहेको छ । चाहे पूर्वीय होस् वा पश्चिमा सबै अर्थशास्त्रले मान्छेमान्छेबीच गतिशील अर्थतन्त्रको कुरा गर्दछ । विश्वमा मान्छेबाहेक अन्य कुनै प्राणीमा पनि यस्ता आर्थिक गतिविधि, क्रियाकलाप भेटिन्छन वा भेटिँदैन भन्ने बारेमा सम्भवत: अध्ययन भएको छैन वा अध्ययन गर्न आवश्यक ठानिएको छैन । त्यसैले अहिलेलाई अर्थ, अर्थको गति तथा दिशा, अर्थतन्त्र, अर्थशास्त्र आदि अवधारणा केवल मानव प्रजातिभित्र नै रहेका हुन्छन् भन्ने मान्यता स्थापित भएको छ । खेतीपाती, पशुपालन, कीटपालन आदि आधारभूत तथा प्राचीन उत्पादन प्रणाली निश्चय नै अर्थतन्त्रका आधारशीला हुन् । तर, यसमा पनि मान्छे र अन्य प्रजातिबीच भएका आदानप्रदान अर्थतन्त्र होइन । यो भोजनचक्रको उभोक्ता र उपभोग्यको सम्बन्ध हो ।

अर्थतन्त्रको आरम्भ बिन्दु उत्पादन हो र अन्तिम गन्तव्य त्यस उत्पादनको उपभोग हो । यो यात्रा सहज बनाउनको निमित्त राज्य, राजस्व, मुद्रा, व्यापार आदि जस्ता कुराको उत्पत्ति भएको हो । दाना, छाना तथा नाना जस्ता आधारभूत आवश्यकताको निमित्त हुने माग, त्यसको आपूर्तिमा मात्र अर्थतन्त्र सीमित रहेको छैन । उत्पादन र उपभोगबीच बचत हुने वा बचत गरिने प्रवृत्तिले सञ्चयको अभिलाषाले सम्पत्ति बन्छ । सो सम्पत्ति निर्धाबाट बलियाले हरण गर्ने समाजको स्वभाव हुन्छ । त्यो नियन्त्रण गर्न त्यसलाई नियमन गर्न शासकको आवश्यकता उत्पन्न हुन्छ । शासक र सामान्यजनहरूको समुच्चयले राज्य अनि राष्ट्रको धारणा बन्छ । एक आर्थिक एकाइले गरेको उत्पादन आफ्ना सबै माग पूरा गर्ने किसिमका नहुन सक्छन् । त्यसैले आफ्ना उत्पादन अर्को आर्थिक एकाइसँग भएको आफ्नो आवश्यकता अनुसारका सामानसँग साटफेर गर्ने कार्य वस्तु विनिमय हो । एक आर्थिक एकाइ भन्नाले एकसाथ उत्पादन गर्ने र उपयोग गर्ने सबैभन्दा सानो एकाइलाई भन्न खोजिएको हो । अपवादबाहेक एक आर्थिक एकाइ भन्नाले एकसाथ उत्पादनका विभिन्न काम गर्ने र सो उत्पादन साथसाथ उपभोग गर्ने समूह हो । सामान्यतया यो एक परिवार हुन्छ । साम्यवादले भन्ने गरेको कम्युन अर्थात् सामूहिक परिवारको अवधारण यसैको विस्तारित रूप हो । अर्थात् पूरा समुदाय एक आर्थिक एकाइ अर्थात् परिवार । यस्तो परिवार जसमा सबैले मिलेर उत्पादन गर्दछन् अनि आफ्नो आवश्यकता अनुसार उपभोग गर्दछन् । यसको बचत र त्यसले बन्ने सम्पत्ति कम्युनको हुन्छ । यो सहकार्य, आपसी सद्भाव अनि मिलेर काम गर्ने अवधारणा सैद्धान्तिक रूपले अत्यन्त राम्रो लाग्छ । तर, यो अवधारणा मानव स्वभावको विपरीत भएकाले यस्ता कम्युनलाई आफ्नो अस्तित्व कायम राख्न कठिन हुन्छ । समाज एकल परिवारतिर आकर्षित भइरहेको युगमा संयुक्त परिवार नै अव्यावहारिक हुँदै गएको छ । यस्तोमा समुदाय परिवार अर्थात् कम्युनको अस्तित्व त्यति सम्भव छैन । एक आर्थिक एकाइले उत्पादन गरेको उत्पादको उपभोक्ता अर्को एकाइको सहज पहुँचमा नहुन सक्ने सम्भावना रहन्छ । यस्तो अवस्थामा एकातिर आवश्यकताको वस्तु एकले प्राप्त गर्न नसक्ने र अर्कोले उत्पादको उपभोक्ता नपाउने हुन्छ । यस विषम परिस्थितिले मुद्रा, व्यापारजस्तो अवधारणा उत्पन्न भयो । यसले आर्थिक गतिविधिको सहजकर्ता संरचना तयार भयो । उत्पादकले सिधैं उपभोक्ता खोज्नुपरेन र उपभोक्ताले पनि सिधैं उत्पादक खोज्नुपरेन । उत्पादकले उत्पादन मुद्रामा विनिमय गर्न पायो र उपभोक्ताले पनि मुद्राको सहायताले आवश्यक वस्तु पायो । उत्पादकको उत्पादन उपभोक्तासम्म पुऱ्याउने काम व्यापार वा वाणिज्यले गऱ्यो । मागनुसार एक स्थानबाट वस्तु अर्को स्थानसम्म लैजाने काम यही व्यापारले आफू बिचौलिया भएर गर्दछ । उत्पादक र उपभोक्ताबीच व्यापार सेतुको काम गर्दछ अर्थात् बिचौलियाको काम गर्दछ । यो प्रक्रियाको सुरक्षा, सहजीकरण आदिको निमित्त शासकले काम गर्दछ । शासक, राज्यजस्ता संरचनाको उत्पत्ति नै यही कर्तव्य निर्वाहको निमित्त भएको हो । त्यसैले शासकले उत्पादन प्रणालीको संरक्षण, संवर्द्धन गर्नुपर्ने कुरा, उत्पादन बढाउन आवश्यक प्रबन्ध गर्नुपर्ने कुरा शास्त्रहरूले निर्देश गरेका छन् । यो शासकको पहिलो कर्तव्य हो । यसको निमित्त शासकले जनकल्याणकारी अर्थनीति निर्माण गर्छ । अर्थनीतिलाई व्यवहारमा ल्याउँछ र अर्थतन्त्रलाई गति दिन्छ । यदि राज्यका शासकहरू यो काममा असफल हुन्छन् भने उनीहरू शासन गर्न अयोग्य हुन्छन् । जुन राज्यले अयोग्य शासकलाई योग्य शासकद्वारा प्रतिस्थापन गर्न सक्दैन त्यो समाप्त हुने बाटोमा लाग्छ । आर्थिक असन्तोषले जन्माएको विद्रोह अन्य कारणले जन्मिएको विद्रोहभन्दा ज्यादा असरदार हुन्छ । अन्य विषयभन्दा आर्थिक विषय पेटसँग जोडिएको हुन्छन् । त्यसैले भोका पेटहरूले गरेको विद्रोह सबैभन्दा भयानाक हुने गर्दछ । उत्पादन तथा उपभोगको यो यात्रा केवल दाना, छाना र नानासँग मात्र सिमित छैन । यसमा अन्यभन्दा अलग देखिँने चहानाले पनि काम गरेको हुन्छ । सम्पत्ति सञ्चय र त्यस सञ्चयको आधारले विषेश ध्यानको इच्छाले अर्थतन्त्रलाई केवल आधारभूत आवश्यकतामा मात्र सीमित रहन दिँदैन । अरूलाई अप्राप्य वा सहज प्राप्त नहुने वस्तु आफूसँग हुनु र त्यसको प्रत्यक्ष वा परोक्ष प्रदर्शन गर्नु मान्छोको स्वभाव हो । उदाहरणका निमित्त हीराले मान्छेको दाना, छाना र नानाको आवश्यकतामा प्रत्यक्ष असर राख्दैन । तर, त्यो हिरा दाना, छाना र नानाको निमित्त चाहिने हरेक वस्तुभन्दा मूल्यवान हुन्छ । केवल आधरभूत वस्तुहरूको उत्पादन र उपयोगले अर्थतन्त्रको आकार ठूलो हुन सम्भव छैन । अर्थतन्त्र ठूलो हुन मान्छेको यो अतिरिक्त चाहनाको भूमिका हुन्छ । मान्छेको यस्तै चाहनाको निमित्त उसले सम्पत्ति प्राप्त गर्न ज्यादा प्रयत्न गर्दछ । यो ज्यादा प्रयत्न नियमन गर्न प्रवर्द्धन गर्न र यस क्रममा हुन सक्ने अपराध रोक्न शासकीय संयन्त्रको आवश्यकता हुन्छ ।

अर्थिक गतिविधिलाई तीव्रता दिन बैंकजस्ता वित्तीय संस्थाहरूको आवश्यकता हुन्छ । यस्ता वित्तीय संस्थाहरूसम्म समाजका हरेक तहका मान्छेहरूको पहुँच पुगेको छ कि छैन भन्ने रेखदेख गर्न र नपुगेको भए पुऱ्याउन काम गर्नु राज्यको अर्थनीतिका प्रमुख काममध्ये एक हो । यस्ता लेनदेन, ऋण वा कर्जाहरूमा लिनेदिनेहरूको सम्बन्ध न्यायोचित राख्ने काम शासकको हो । शेक्सपियरको 'मर्चेन्ट अफ भेनिस' मा वर्णित साइलक प्रवृत्तिले यस्ता ऋणी तथा धनीबीच अन्यायको जन्म नहोस् भन्ने कुरा शासकको कर्तव्यभित्र पर्दछ । धनी सबै बेठीक र ऋणी सबै ठीक भन्ने मान्यता सही होइन । ऋण लिने तर त्यो नतिर्ने भन्ने कुराले अर्थतन्त्र फष्टाउन सक्दैन । उत्पादन नभई कुनै पनि अर्थतन्त्र सहज चल्न सक्दैन । धेरैजसो आर्थिक समस्या, अराजकता आदिको कारण त्यो अर्थतन्त्रमा उत्पादन घट्छ । उत्पादन नहुने वा न्यून हुने परिस्थितिमा आर्थिकमन्दीको सम्भावना उच्चतम हुन्छ । मुद्रास्फीतिको दर र उत्पादन वृद्धिको दर व्युतक्रमानुपाती हुन्छ । अर्थात् एकको दर बढ्दा अर्कोको दर घट्छ । सामान्यतया व्यापारीको निमित्त उत्पादन उसको बिक्रीले प्राप्त नाफा हो, वित्तीय संस्थाहरूको उत्पादन उसले कमाउने नाफा हो । त्यस्तै सरकारको उत्पादन उसको राजस्व संकलन हो तर यी सबै उत्पादन होइनन् यी कमाइ हुन् । उत्पादन र कमाइ शब्दबीच झिनो अन्तर छ, उत्पादनले ज्ञानेन्द्रियले थाहा पाउने वस्तुहरू पैदा गर्दछ भने कमाइले पैदा गर्ने वस्तु भावले थाहा पाउँछ ज्ञानेन्द्रिय अनुभूति हुँदैन । कमाइ गरेको मुद्रा देख्न छुन सकिए पनि त्यो मुद्रा भने उत्पादित वस्तु होइन केवल त्यो भावको विनिमयमा प्राप्त मुद्रा हो । त्यसैले कमाइ भयो भन्दैमा उत्पादन भयो भन्नु त्यति ठीक कुरा होइन । उत्पादनबेगरका कमाइहरूले अर्थतन्त्र बढाउन सहयोग गर्दैनन् । उत्पादनको साथमा बढेका कमाइहरूले भने अर्थतन्त्र बढाउँछन् । जनताको उत्पादन नबढाई गरिएका व्यापारिक कमाइ, वित्तीय संस्थाहरूको कमाइ र सरकारको कमाइले अर्थतन्त्रमा नकारात्मक असर नै गर्दछन् ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : श्रमको उचित मूल्यांकन भए पनि प्रतिफलका लागि समय पर्खनुपर्नेछ । | **तुला** :अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्ला । |
| **वृष** :नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। | **बृश्चिक** :मौकामा अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ । |
| **मिथुन** :श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ । | **धनु** :समयमा अग्रज तथा सहयोगीहरू जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। |
| **कर्कट** :अनायासै शरीर कमजोर बन्नाले चिताएको काममा जुट्न नसकिएला । | **मकर** :दायाँ हातमा लक्ष्मीको वास हुनाले मनग्गे आम्दानी भित्र्याउने अवसर प्राप्त हुनेछ। |
| **सिंह** :कामको सन्दर्भमा रमाइलो यात्राको अवसर प्राप्त हुन सक्छ । | **कुम्भ** :तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू समेत बढ्नेछन् । |
| **कन्या** :ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ। | **मिन** :धेरै खर्चको माहोल देखिए पनि धैर्यले काम लिँदा फाइदा हुनेछ । |

# साहित्य दर्पण

कथा — विष्णु पादुका

## सम्बन्ध



ढोकामा उभिएर उसले भित्र हेऱ्यो । भित्र उज्यालो थियो । मानौं एउटा नाटकको दृश्य हो यो । पात्रहरू मौन छन् । संवाद बोल्न निर्देशकको आदेश हुन बाँकी छ । आगो बलेकै छ । चिया रक्सी र छ्याङ्ग कारुल कचौरा र जगमा भरी नै देखिन्छ । दुई जना पचास नाघेका पुरुष छन् । अर्को एक जना अन्दाजी तीस वर्षको पुरुष छ । एउटा ५५-६० कि महिला अर्की २५-३० कि महिला । सोलारको उज्यालोमा सबै स्पष्ट देखिएको छ । बाहिर भदौरे झरी परेको छ । बाटामा गज्याकगुजुक हिलो कुल्चेर ऊ ढोकामा उभिएको छ । बोलावट आएपछि आउनुको कर्तव्य निभाउन हाजिर भएको ऊ केही बेर भित्रको सिन - ए - फ्याम्ली हेरेर रोकिएको छ । मानौं ऊ नेपथ्यमा छ । ढोका खुल्ला छ । अँध्यारो छ बाहिर । ढोकादेखि भित्र छिर्दा बिचमा अग्लो मुदुस छ । मुदुसको छायाले ढोकातिर छाया परेको छ । लोग्ने मानिसहरू सबै जना अलि अग्लो स्थानमा गलैंचामाथि छन् । महिलाजन अगेनाको नजिक अलि तल होचो ठाउँमा पिर्कामाथि बसेका छन् । अग्लो लामो पिर्कालाई टेबुलको रूपमा राखिएको छ । टेबलभरि छन् तातोचिसो पेयका गिलास अनि कचौरा र फुरुहरू । ढोकामा उभिएर धेरै बेर हेर्न उसलाई अस्वाभाविक लाग्यो । उसो त दिउँसो बोलाउँदा नै उसलाई अस्वाभाविक लागेको हो । घरको कुरामा किन साक्षी हुन जानु भन्ने लागेकै हो । 'अँ ह ..' खोकेझैं सङ्केत गर्दै जुत्ता खोलेर भित्र पस्यो ऊ । हात जोडेर नमस्कार गऱ्यो । 'ओहो, आउनुभयो ल बस्नुस् ।'

छेउका पुरुष अर्को छेउ सरेर बिचमा बस्ने आग्रह गरे । बस्यो । मौनता कायमै छ । उमेरमा कान्छो देखिने पुरुष छेउ सरेको थियो बोल्यो, 'अब के भन्नु तपाईंलाई थाहै छ । यो ( आफ्नो श्रीमतीलाई देखाउँदै ) त्यसै शङ्का गरेर झगडा गर्छे ।' उसले थाहै छ भनेको एउटा हल्ला यस्तो थियो । दुई वर्षअघि हो च्याङ्ग (चाइना) जानु अघि कोन्जोकले गाउँकै छेउमा सबै सामु अब रक्सी खान्न भनेर सगुनको रक्सी घुट्क्याएको । छेउमा पछ्याउँदै आएको सात वर्षको लाक्पा र आमाको काखमा रहेको मिङ्मालाई सँगै दुई हातले छोएरै कसम खाएर बिदा भएको थियो कोन्जोक । तिब्बतबाट सबै फर्के उही फर्कन सकेन । उसका याक दाजुभाइ र गाउँलेहरूले ल्याए । उसले तिब्बतबाट फर्की आउँदा बाटामा रक्सी खाएर लेकमा नै ज्यान गुमायो भन्ने खबर मात्र आयो । भर्खर पच्चिस वर्ष नाघेकी ल्हामुले लोग्ने गुमाई । साना दुई छोराहरू टुहुरा भए । गाउँमा हुने खाने भनेर चिनिएको परिवारमा दु:खको पहिरो नराम्ररी आयो । सबैको सहानुभूति पायो तीन जनाको परिवारले । दाजुको सद्गत समेत गरेर आएको भाइले भाउजू र साना छोराछोरीलाई रेखदेख गर्नु एउटा मानवीय कर्तव्य थियो जो निभाएको थियो उसले । गएका एक वर्ष उसैले च्याङ्गबाट सामान ल्याइदियो याकमा । यार्सा र फलेक पनि उता पुऱ्याएर बेचिदियो । यो वर्ष भने भाउजू पनि साथै गएकी थिई च्याङ्ग । ऊसँग गाउँका दुई-तीन अरू महिला पनि गएका थिए । अघिल्लो हप्ता मात्र हो सबै फर्केका च्याङ्गबाट । सामान थन्काइ-मन्काइ गरेको भोलिपल्ट हो दुई महिलाको झगडाले अलि ठुलो रूप लिएर सबैले थाहा पाएको । आफ्नो लोग्नेलाई नजिक बनाएको देउरानीको आरोप थियो । आफू निर्दोष हुँदाहुँदै पनि दोष लगाएको आरोप विधवा जेठानीको थियो । आज बिहान त यही निहुँमा हात हालहाल तल्लो उपल्लो घरमा ढङ्ग समेत हानाहान भएको थियो रे । थाहा भएर पनि त्यति ठुलो महत्वका साथ सुनेको थिएन उसले । जब आजै दिउँसो फुर्वाले भेटेर आज बेलुकी हाम्रो घरमा आइदिनुपऱ्यो भनेपछि मात्र ऊ आएको थियो । उसले बसिसकेपछि यताउता कुनाकानीतिर हेऱ्यो । 'खोइ त भाउजू ? उनी नआई कुरा कसरी अघि बढाउनु' कुरा त दुवैको सुन्नुपऱ्यो त ।' अर्को छेउमा बसेको सबैभन्दा बुढा मान्छेले भने,' सल्लाह भइसकेको छ, एउटा मिलापत्र लेख्दिनुपऱ्यो । अबदेखि यो फुर्वा भाउजूकोमा न जाने नबोल्ने कुरामा सहमति भएको छ ।' कुरा हुँदै थियो । ढोकातिर झिलिक्क उज्यालो देखियो । जेठो छोरो अघि लाएर कान्छालाई हातमा च्यापेर लाक्पाको आमा आइपुगी । उसलाई बस्न पिर्का दिइयो मुदुस मुनिदेखि तानेर । ऊ सानोलाई काखैमा लिएर बसी अगेनाको एक छेउ । आफ्नी श्रीमतीको तिखो र आक्रामक आँखालाई आँखैले दबाइदियो फुर्वाले । 'भाउजूको घरमा आउनु, जानु, बस्नु र खानुलाई ठुलो रूपमा नलिनू' भन्ने नै उसको आग्रह थियो । भाउजूका माइती टाढा थिए । उनलाई सहयोगको आवश्यकता थियो । आफूले सहयोग गर्दा किन काँडा बिझ्नुपर्ने उसलाई ? फुर्वाले बेला-बेला यही कुरा उठाउँथ्यो । 'सहयोग गर्नु एउटा कुरा, बस्नु र खानु एउटा कुरा, रातै बिताउनुपर्छ त ' कति रात भयो तिमी घरमा नसुतेको थाहा छ ? 'कुराको थैली खोल्न थालिन् रिन्जिनले । उनलाई असह्य भएको कुरा उनको भक्कानिएको बोलीबाट बुझिन्थ्यो ।' लोग्ने मान्छे एउटी आइमाईकोमा रातभरि बस्नेलाई के भन्ने ? 'छ्याङ्ग खाएपछि राति उठेर कता जानु लोटेर मर्ला भनेर लाक्पासँग सुत्न भनेकी थिएँ । तेरो पोइलाई मैले खोस्न खोजेको होइन । काममा सहयोग गर्नेलाई खुवाउन पियाउनु रीति नै हो गाउँको के अपराध भयो ।' ल्हामुको जबाफ सरल थियो । निकै विचार गरेर बिस्तारै जबाफ दिएकी थिई उसले । 'यिनीहरूको कुरा यस्तै हो डाक्टर साप' जति सुने पनि कुरो एउटै, अबदेखि फुर्वा रातिमा ल्हामुको घरमा जाँदैन । जान नपाउने गरी एउटा मिलापत्र लेख्दिनुहोला ।' निर्णयको शैलीमा प्रौढ व्यक्ति बोले । छेउमा रहेको बुद्धको मूर्तिनेरबाट कापी झिकेर दिए । 'ल यसैमा लेखिदिनू । तीनै जनाले ल्याप्चे लाउँछन् ।' लामो मौनतापछि लेख्न थाले अहेवले । घरमा दुई-चार कक्षा फुर्वा र फुर्वाका बुबाले पढेका थिए । डाक्टरले लेखिसकेर कागज बुढातिर दिन खोज्दै थिए फुर्वाले समातेर हेऱ्यो । 'ओहो, भाउजूकोमा कहिल्यै पो नजानु ? म नगएर कसले सहयोग गर्छ ? याक कसले हेरिदिन्छ ? सु खेर्चै च्या छा ?' हतारमा बोल्दा मातृभाषा आइहल्यो फुर्वाको । उसलाई कागजको बेहोरा मन परेन । ऊ हाँसेको हो कि रिसाएको दुई अर्थ लाग्ने भावको अनुहार देखियो । लेखेको पाना च्यातेर निकाल्यो र हातको पाना टुक्रा-टुक्रा पारिदियो । सबै जना मुखामुख भए । 'भइगयो त, जसरी चलेको छ चलोस्, सबैले आफूलाई सम्हालेर चल्नू न घरभित्र केको कागज चाहियो र ।' अहेवले यसो भन्दा भन्दै 'क्यु पिजा' भन्दै ल्हामु बाहिरिई । डाक्टर पनि निस्किन खोजे । खल्तीमा छामछुम गर्दै लाइट खोजे 'ओहो लाइट ल्याउन भुलेछु त फुर्वा ।' 'म पुऱ्याइदिउँला सर हिँड्नु ।' फुर्वा सहित अहेव पनि निस्किए । बाटो चिप्लो थियो । भऱ्याङको खुड्किलो साँघुरो थियो । माथिबाट उज्यालो देखाएर झरेपछि फुर्वा र अहेवसँगै हेल्थपोस्टसम्म जाने भए । 'लेखिसकेको कागज किन च्यातेको त फुर्वा ?' 'दाजु नभएपछि भाउजूकोमा म नगएर अरू को जान्छ सर ? मलाई कागजले रोक्ने त होइन तर उसलाई अर्कोपटक झगडा गर्ने निहुँ हुन्छ नि त्यो कागज । उसलाई पनि त मैले अर्काको एउटा छोरो सहित ल्याएको थिएँ । उसले भुलेर अहिले निहुँ खोज्न सुहाउँछ र ? सरलाई थाहा छ त ।' अहेवलाई सबै कुरा थाहा भएर पनि थाहा नभएझैं लाग्दै थियो । समाज जसरी चलेको छ चल्न दिनुपर्छ । ऊ त एउटा स्वस्थ कार्यकर्ता न हो । उसले सोच्दैमा यहाँनेर फेरबदल हुने होइन । ऊ सोचमग्न भएरै हिँडिरह्यो । कोठासम्म पुऱ्याएर फुर्वा फर्कियो । 'अब आज घर जान्छौ कि भाउजूकोमा त फुर्वा ?' 'सर पनि हँ..सा..उ..नु .. हुन्छ ....!' फुर्वाको आवाज टाढा भइसकेको थियो ।

*-साहित्यपोस्ट डटकम*


**विजय पान पसल**


तानसेन-३, भगवतीटोल, पाल्पा

**हामीकहाँ विभिन्न किसिमका पान पाइन्छ ।**

सम्पर्क: ९८६७३५५८९६



**सन्तोष चलचित्र मन्दिरमा...**




सन्तोष चलचित्र मन्दिर तानसेनमा मंसिर १५ गतेदेखि भव्यताका साथ दैनिक ३ शो प्रदर्शन भइरहेको छ हिन्दी चलचित्र **'एनिमल'** ।

*पहिलो शो : ११:१५ बजे, दोस्रो शो : २:१५ बजे र तेश्रो सो साँझ ५:१५ बजे*

*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*


संस्मरण — अविनाश श्रेष्ठ

# हुँदा कुमार सरसँग सँगै

**गल्लीभित्रभित्रै टिप्पिकल नेवारी व्यञ्जन र अयला पाइने थरीथरी स्तर अनि आकृति प्रकृतिका खाजाघरहरू छन् यत्रतत्र । तिनैमध्ये कुनै एक अयला-खाजाघरभित्र हुन्छौं हामी अहिले । भित्री कोठाको मधुरो उज्यालोमा कुनाको एक्लो टेबुललाई ओगटेर कुमार सरको इच्छा र रुचिबमोजिम थरीथरीका पारम्परिक नेवारी व्यञ्जन र परिकारहरू अनि साथमा टिप्पिकल नेवारी अय्लाको अर्डर गयरिरहेको हुन्छु म पहिलो पटक ।**

कुमार सरले पहिलोपटक प्रस्ताव राख्नुहुँदा विश्वासै लागेन । लगभग डेढ दशक जतिको व्यक्तिगत चिनजान, अनि चिनजानबाट आत्मीय अन्तरंगताको लामो अवधिमा भित्रिएपछि पनि यस्तो प्रस्ताव उहाँबाट कहिल्यै आएको थिएन । त्यसैले होला मलाई कुमार सरले बोल्नुभएका शब्दहरूमाथि विश्वासै भएन । सायद म उहाँको बाह्य गुरुगम्भीर आवरणको दवावमा सोचिरहेको हुन्छु, के यी शब्दहरू कुमार सरबाटै उच्चारित भएका हुन् । त्यत्तिकैमा कुमार सर त्यो प्रस्ताव फेरि अर्कोपटक दोहोऱ्याउनुहुन्छ, यसपटक व्याख्यासहित : 'भाइ, रेड लेभेल-ब्लेक लेभेलहरू त जीवनमा धेरै खाइयो । ख्वाइयो । यहाँ पनि ज्वाइँ साप (अनुप थापा) ले लेभेलहरूको कमी हुन दिनुभएको छैन । तर मलाई भने काठमाडौंको टिप्पिकल अय्ला चाख्ने मन हुँदैछ हो भाइ । कत्ति दिनदेखि मनमा छ कि, मुखमा ल्याएर भन्नु पो गाहारो । तर आज जे त होला भनेर मनको बात मुखमा ल्याइछाडें ।' भन्ने आफ्नै लहजा, शैली र शब्दहरू सरको । भनिसकेर उहाँ धक फुकाएर हाँस्नुहुन्छ उत्तिकै सरल पाराले ।

सरल पाराले आफ्नो मनको अन्तरकुन्तरमा लुकेर दबेर बसेको इच्छालाई मात्र सरले बाहिर ल्याउनुभएको होइन, लिच्छवीकाल- मल्लालदेखि शाह-राणाकाल हुँदै आजका मितिसम्म जिउँदो-जाग्दो काठमाडौंको 'अयला संस्कृति' को परोक्ष प्रशंसा र स्तुतिसमेत उहाँले गरिरहनुभएझैं लागिरहन्छ मलाई । हृदय बुझें मैले उहाँको । र यसरी पहिलोपटक आत्मीयताको सय लेनको फराकिलो सडकमा कुमार सरसँग हिँड्ने अद्भुत अवसर मेरो पोल्टामा परेको पाउँछु । काठमाडौंको पुरानो फ्रिक स्ट्रिक । झोछें । झोछेंका रंग खुइलिदै गइरहेका, उदास गन्धमा एकतमासले डुबेका लाग्ने पुराना गल्लीहरू । हिप्पी-संस्कृतिको उत्कर्ष (सन् १९७० को दशक) तिर सधैं युरोपियन-अमेरिकन अनुहारहरूको घुइँचो लाग्ने झोछेंका पुरानिँदै गएका अनि आफ्नै इतिहास र अस्तित्व बिर्सँदै गइरहेका गल्लीहरूभित्र कुमार सर र पहिलोपटक छिरेका छौं । गल्लीभित्रभित्रै टिप्पिकल नेवारी व्यञ्जन र अय्ला पाइने थरीथरी स्तर अनि आकृति प्रकृतिका खाजाघरहरू छन् यत्रतत्र । तिनैमध्ये कुनै एक अय्ला-खाजाघरभित्र हुन्छौं हामी अहिले । भित्री कोठाको मधुरो उज्यालोमा कुनाको एक्लो टेबुललाई ओगटेर कुमार सरको इच्छा र रुचिबमोजिम थरीथरीका पारम्परिक नेवारी व्यञ्जन र परिकारहरू अनि साथमा टिप्पिकल नेवारी अय्लाको अर्डर गयरिरहेको हुन्छु म पहिलोपटक । अनि अय्लाको खेप आइसकेपछि पहिलोपटक गिलासलाई नाकसम्म पुऱ्याएर त्यसको पुरातन गन्धलाई लामो सर्को तानेर सुँघ्दै मुग्ध हुनुभएको छ कुमार सर पहिलोपटक । पितापुर्खाहरूका पुस्तौंपुस्ताले अज्ञातकालदेखि सुँघ्दै, चाख्दै, स्वाद लिँदै, आनन्दमग्न हुँदै जुन अय्लाको अध्यर्थना अनि स्तुतिगानसमेत गर्दै आए त्यही टिप्पिकल अय्लाको टिप्पिकल गन्ध अनि टिप्पिकल स्वाद र तिख्खरतालाई घुट्को-घुट्को निल्दै परम्पराको सिंहद्वारभित्र भित्र्याएर अहिले विभोर बन्नुभएको छ कुमार सर पहिलोपटक । पहिलोपटक कुमार सरलाई आफ्नो निजत्व, आफ्नो संस्कार, आफ्नो संस्कृति, आफ्नो मौलिक र पृथक् सामाजिक स्वादमा भित्रभित्रै भिज्दै केही बहकिएको, केही अतीजजीवी बन्दै पुराना दिनहरू चहार्न खोजिरहेको, केही वाचाल बन्दै रसिक पाराले हासपरिहासमा रमाउन खोजिरहेको पाउँछु । र, उहाँको संगतमा भित्रैदेखि गदगद हुन्छु म पनि पहिलोपटक । (यस घटनाको तिथिमिति ठ्याक्कै सम्झना भएन अहिले- सम्भवत: सन् १९९७-९८ तिर हुनुपर्छ । कुमार प्रधान सरले यो प्रस्ताव पहिलोपटक नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको कार्यकक्षमा राख्नुभएको भने प्रस्टसँग सम्झन्छु ।) यसरी अय्ला-यात्राको सुमधुर थालनी हुन्छ हामीमाझ । त्यसपछिका दिनहरूमा कुमार प्रधान सर जतिपटक काठमाडौं आउनुहुन्छ- स्थिति र अवसरले भ्याएसम्म कहिले काठमाडौं त कहिले पाटनतिरका यस्तै फरक र विशिष्ट खालका अय्ला-खाजाघरहरू खोजी-खोजी, रोजी-रोजी उहाँ र म भोगमग्न भइरहन्छौं । यस स्वादयात्रामा सहयात्री बनी उपन्यासकार मत्स्येन्द्र प्रधान धेरै पछि मात्र थपिन आइपुग्छन् सन् २००८ तिर । कुमार सर र मत्स्येन्द्र प्रधानसम्बन्धी एउटा रमाइलो प्रसंग छ । त्यसलाई म बयान गर्नेछु, तर केही पछि ।

'दार्जिलिङका सर्वश्री पारसमणि प्रधान, शिवकुमार राई, रतनलाल ब्राह्मण, एमएम गुरुङ, इन्द्रबहादुर राई, लक्खीदेवी सुन्दास, हर्क योञ्जन विरही, गुमानसिंह चामलिङदेखि मोहन ठकुरीसम्मका अग्रजहरूसँग कहिले, कसरी, कहाँ परिचय भयो अनि पछि कहाँ, कुन सन्दर्भमा फेरि भेट भएको थियो भन्ने तथ्य केही त स्मृतिमा अंकित छन्, अनि केही डायरीका पानामा टिपिएका पाउँछु । तर कुमार प्रधन सरलाई पहिलोपटक कहाँ भेटेको थिएँ ? ठीक-ठीक सम्झन सकिनँ । उहाँसित सामान्य देखभेट वा परिचय सन् १९७६ मा दार्जिलिङमा 'अखिल भारतीय नेपाली भाषा समिति'ले 'गोर्खा दुख्खनिवारक सम्मेलन'को भवनमा आयोजना गरेको दोस्रो महाधिवेशनका बखतमा भएझैं लाग्दछ । मेरो स्मृति धरमरमा पर्नुको कारण के पनि हो भने, मलाई प्रस्टसँग सम्झना छैन सन् १९७३ मार्चमा नयाँदिल्लीमा नेपाली भाषालाई भारतीय संविधानको आठौं अनुसूचीमा अन्तर्मुक्त गर्ने विषयक प्रधानमन्त्री श्रीमती इन्दिरा गान्धीसित पार्लियामेन्ट भवनमा भएको पहिलो वार्तामा कुमार प्रधान सहभागी हुनुहुन्थ्यो वा हुनुहुन्थेन ? किनभने नेपाली भाषा-मान्यतासम्बन्धी त्यस प्रथम शिखर वार्ताम दार्जिलिङबाट चौबीसजना प्रतिनिधि सम्मिलित हुनुहुन्थ्यो भने असमको एक मात्र प्रतिनिधिको हैसियतले मैले सबैसित परिचित हुने अवसर त्यतिबेलै पाएको थिएँ । विद्वान् अध्येता कुमार प्रधानलाई मैले राम्ररी ठम्याउन सकेको उहाँले सम्पादन गर्नुभएको 'वार्ताहरू' हात परेपछि मात्र हो, सम्भवत: सन् १९७८-७९ तिर । उहाँको 'पहिलो पहर' पढें सन् १९८४ मार्च महिनामा । सायद 'पहिलो पहर' त्यति छिटो पढ्न पाउने थिइनँ होला । १९८४ फरवरीमा बयोवृद्ध भाषासेवी पारसमणि प्रधानलाई भेट्न कालिम्पोङस्थित उहाँको निवासमा पुग्दा उहाँले आफ्नो छेउमा राखिएको कुमार प्रधानको 'पहिलो पहर' झिकेर देखाउँदै त्यसभित्र प्रकाशित लेखहरू भ्रामक रहेका, आफूप्रति तिनमा पूर्वाग्रह राखिएकाले आफ्नो चित्त दुखेको कुरा सुनाउनुभयो । केही पछि कुरो अन्य प्रसंगतिर मोडियो । तर 'पहिलो पहर' प्रसंग भने मेरो मनमस्तिष्कमा गाडिएर रहिरह्यो । गुवाहाटी पुगेपछि पढ्न थाल्छु 'पहिलो पहर' । लेखकको शोध-अनुसन्धानको गुरुता-गहनता अनि ठूलो मिहिनेतले मात्र यस्तो कार्य सम्भव हुने कुरो 'पहिलो पहर' पढेपछि जोसुकैले बुझ्न सक्छ । यही 'पहिलो पहर'को दोस्रो संस्करण काठमाडौंबाट अट्ठाईस वर्षपछि सन् २०१० मा प्रकाशित गर्ने योजनाको अभियन्ता बन्न पाउँदा मनमा सन्तोष फक्रन्छ । (धेरै वर्षपछि 'पहिलो पहर' प्रसंगमा पारसमणि प्रधानज्यूले गर्नुभएका गुनासाहरूबारे कुमार प्रधान सरसँग खुलेर कुरा राखेको थिएँ । तर उहाँमा पारमणि प्रधानप्रति त्यस्तो तिक्तता, पूर्वाग्रह वा दुराग्रहभन्दा पनि मर्यादित सम्मान-भाव नै पाएको थिएँ । यतिचाहिँ पुछारमा भन्नुभएको थियो, 'आलोचनाभन्दा माथि कोही पनि हुँदैन भाइ, पारसमणि प्रधान पनि । तर त्यो कुरो बुझ्न उनी तयार थिएनन् । जुनियरहरूलाई आफूभन्दा जान्ने मान्न चाहेनन् उनले ।) त्यसपछि आउँछ सन् १९८५ । नेपाली भाषा-साहित्यमा एमए गर्न म काठमाडौंमा हुन्छु । साहित्य अकादेमी, दिल्लीले सन् १९८४ मा प्रकाशित गरेको कुमार प्रधानको ए हिस्टोरी अफ नेपाली लिटरेचर' मेरो हात पर्छ, जसमा मेरो कृतित्वबारे पनि संक्षेपमा चर्चा गरिएको छ : अविनाश श्रेष्ठ इज सगेग्टिभ, हिज लाइन्स आर मोर पोएटिक ।

हिज समिभादना ओ समिभादना (फिलिङ ओ फिलिङ) केम आउट इन १९८१ । सन् १९८५ मै काठमाडौंबाट गुवाहाटीतिर फर्कंदा गान्तोक, कालिम्पोङ, मङ्पु, दार्जिलिङको लामो फेरो मार्दै खर्साङ पस्छु । तिनताक खर्साङ कलेजको प्रिन्सिपल हुनुहुन्छ डा. कुमार प्रधान । उहाँलाई भेटेर आफ्नो कवितासंग्रह 'परेवा : सेता-काला' र नेपाली साहित्य परिषद्, असमको मद्वारा सम्पादित वार्षिक पत्रिका 'परिषद्-पत्र' दिन्छु । त्यतिखेरको संक्षिप्त भेटघाटमा कम बोल्ने, आफ्नो राय व्यक्त गरिनहाल्ने, अनुशासित, रिजर्भ व्यक्ति लाग्नुहुन्छ मलाई डा. कुमार प्रधान । अरु दुईपल्ट कलेजमा निजी सन्दर्भमा भेट भएका थिए । त्यसपछि एकैचोटि विसं २०४८ माघ-फागुन (सन् १९९१) तिर काठमाण्डुमा डा. कुमार प्रधानसँग भेट हुन्छ । तिनताक म नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा 'कविता', 'प्रज्ञा' र 'समकालीन साहित्य' आदि पत्रिकाहरूको कार्यकारी सम्पादकका रुपमा कार्यरत हुन्छु । डा. प्रधानसँग उहाँका जेठा छोरा सोमेन्द्र (सोमु) र दार्जिलिङका अर्का साहित्यकार जीवन लावर पनि सँगै हुनुहुन्छ । हामीले पुतलीसडकस्थित हरि श्रेष्ठको 'स्टुडियो जिपज्याप' पुगेर सामुहिक फोटो खिचाउँछौं । त्यसेबेला उहाँले लेखेको 'सामाजिक नेपाली : बोन्पो, खुकुरी इत्यादि' शीर्षकको लेख 'प्रज्ञा, पूर्णांक : ७५ (वैशाख-असोज २०४९) मा प्रकाशित छ । त्यसपछिका दिनहरूमा डा. कुमार प्रधानसँग मेरो सम्बन्ध प्रगाढ बन्दै जान थाल्छ । अनि बिस्तारै उहाँ डा. कुमार प्रधानबाट मेरानिम्ति आत्मीय र आदरणीय कुमार सरमा फेरिँदै जान थाल्नुहुन्छ ।

*-समकालीन साहित्य डटकम*

# राष्ट्रियसभाको निर्वाचन कार्यतालिका सार्वजनिक



**पाल्पा,** मंसिर १५/निर्वाचन आयोगले राष्ट्रियसभाको निर्वाचन कार्यतालिका सार्वजनिक गरेको छ । आगामी माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि निर्वाचन तालिका र कार्यक्रम स्वीकृत गरेको हो ।

आयोगको बिहीबारको बैठकले स्वीकृत गरेको कार्यतालिका अनुसार यही मंसिर २२ गते निर्वाचनमा भाग लिने राजनीतिक दल दर्ताका लागि सूचना प्रकाशन गर्ने र मंसिर २४ देखि २९ गतेसम्म राजनीतिक दल दर्ता गर्ने कार्यक्रम छ । दल दर्तापश्चात आगामी पुस १ गते राजनीतिक दललाई निर्वाचन चिह्न प्रदान गरी पुस ४ गते स्वीकृत दलको नामावली नेपाल राजपत्रमा प्रकाशनार्थ पठाइने छ । आगामी माघ ११ गते बिहान ९ देखि अपराह्न ३ बजेसम्म मतदान हुनेछ । स्वीकृत कार्यतालिका अनुसार २०८० पुस १६ गते निर्वाचन अधिकृतको नियुक्ति र सोही दिन सातवटै प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनेछ । पुस २० देखि २८ गतेसम्म निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन हुनेछ ।

राष्ट्रियसभाबाट अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहित २० सांसद्को आगामी फागुन २१ गतेदेखि कार्यकाल सकिदै छ । विसं २०७४ मा राष्ट्रियसभा गठनपछि पहिलो पटक दुई, चार र छ वर्षे कार्यकालका लागि गोला प्रथाका माध्यमबाट निर्धारण भएका सबै सांसद्को कार्यकाल सकिन लागेको हो । राष्ट्रिय सभामा प्रत्येक दुई वर्षमा रिक्त हुने एकतिहाइ सदस्य पदको निर्वाचन हुँदै आएको छ । सरकारले यही मंसिर १३ गते निर्वाचनको मिति घोषणा गरेको थियो ।

# किसानको गुनासो...

...यसबाट मात्र किसानलाई व्यावसायिक कफी खेतीमा आकर्षण गराउन सकिने किसानको सुझाव थियो । कृषि ज्ञानकेन्द्र गुल्मीका प्रमुख नवराज भण्डारीले पनि कफी कृषकले राखेका समस्या उपयुक्त भएको भन्दै कफीमा दिने अनुदानको नीतिलाई परिवर्तन गरी कसरी व्यावसायिकरुपमा थप आकर्षण गर्न सकिन्छ भन्ने विषयमा सम्बन्धित निकायलाई पनि सोचनीय विषय रहेको बताए । कफीको उत्पादन र प्रविधि विस्तारका लागि कार्यालयले आगामी दिनमा थप प्रभावकारी योजना बनाउने उनले स्पष्ट पारे । गुल्मीमा अहिले दुई सय ४१ हेक्टर क्षेत्रफलमा कफी खेती भइरहेको छ । जिल्लामा यस वर्ष ३० मेट्रिकटन कफी उत्पादन भएको थियो । जस अन्तर्गत आठ टन ग्रीनविन मात्र तेस्रो मुलुकमा निर्यात भएको छ । पछिल्लो समयमा गुल्मीमा कृषि ज्ञानकेन्द्र, प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कफी सुपरजोन, आँपचौर कफी विकास केन्द्र, कफी अनुसन्धान केन्द्र लगायत स्थानीय तहले कफी खेतीमा काम गर्दै आइरहेका छन् । जिल्लामा यति धेरै कफीका क्षेत्रमा काम गर्ने संघसंस्था भए पनि कफी किसान भने सेतो गँवारो र तुसारोको समस्याबाट सधैँ समस्या भोग्दै आइरहेका छन् । गुल्मीमा पछिल्लो तथ्याङ्क अनुसार कफी खेतीमा आवद्ध बनेका किसानको संख्या एक हजार आठ सय छ । ***-रासस***


**नेपाल नेत्र ज्योति संघ/लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर**
**पाल्पा लायन्स लाकौल आँखा अस्पताल**
**तानसेन, पाल्पा**

## बोलपत्र आह्वान सम्बन्धी सूचना

***प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१६***

नेपाल नेत्रज्योति संघ, पाल्पा लायन्स लाकौल आँखा अस्पताललाई निम्न सामान आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक कम्पनी तथा फर्महरुले प्रस्ताव फाराममा उल्लेख भएका सेवा शर्तहरुको पालना गर्ने गरी बोलपत्रको सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Item | Quantity | Specification | Model |
|---|---|---|---|---|
| 1 | Portable Phaco machine | 1 Set | CataRhex 3 Easy Machine with Footswitch, Emulsification system from Oertli | CataRhex 3 Easy |

१. उपरोक्त बमोजिमको बोलपत्रमा भाग लिन सम्बन्धित विषयमा इजाजत प्राप्त गरेको, स्थायी लेखा नम्बर प्राप्त गरी मू.अ.करमा दर्ता भएको फर्म वा कम्पनीहरुले अस्पतालको लेखा शाखामा नगद रु ३,०००।०० बुझाई वा माछापुच्छे बैंक, पाल्पा शाखामा खाता नं ०४५००५६६२९१०००१४ मा नगद जम्मा गरी सक्कल भौचर बुझाई प्रथम पटक प्रकाशित भएको सूचनाको २१ औ दिनको ४ बजे सम्म बोलपत्र फाराम अस्पतालबाट खरिद गर्न सकिनेछ ।
२. बोलपत्रपत्रमा कबोल गरेको रकमको २.५ प्रतिशत बराबर रकम उपरोक्त बमोजिमको बैंक खातामा जम्मा गरी सक्कल भौचर साथमा राख्ने वा १२० दिन मान्य अवधीको राष्ट्रियस्तरको बाणिज्य बैंकहरुले जारी गरेको बोलपत्र जमानतपत्र (विड वण्ड) बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।
३. बोलपत्र भर्दा उपरोक्त सामानहरु बेलायत, अमेरिका, फ्रान्स, स्वीट्जरल्याण्ड, जर्मनी वा जापानमध्यकुनै एक देशमा उत्पादन भएको हुनु पर्नेछ ।
४. बोलपत्र प्रथम पटक प्रकाशित भएको सूचनाको मितिले २२ औ दिनको १२ बजे सम्म आर्थिक प्रस्ताव र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खाममा राखी कार्यालयमा बुझाउन सकिनेछ । प्राविधिक प्रस्ताव पेश गर्दा Full Specification सहित पेश गर्नुपर्ने छ । रितपूर्वकको प्राविधिक प्रस्तावहरु (बोलपत्र) टेक्निकल कमिटिले एक हप्ता भित्र खोल्न सक्नेछ । टेक्निकल कमिटिले प्राविधिक पक्षको आधारमा सिफरिस गरिएका कम्पनी/फर्महरुको मात्र आर्थिक प्रस्तावलाई उपयुक्त समयमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्नेछैन । बोलपत्र खोल्ने दिन विदा परेमा भोलिपल्ट नियमानुसार खोलिनेछ ।
५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, रद्ध गर्ने सबै अधिकार अस्पताल खरिद व्यवस्थापन समितिमा सुरक्षित रहनेछ ।
६. अन्य शर्त तथा नियमहरू प्रस्तावमा उल्लेख भए बमोजिम हुनेछ ।

**खरिद समिति**
**नेपाल नेत्र ज्योति संघ/पाल्पा लायन्स लाकौल आँखा अस्पताल**
**तानसेन, पाल्पा**
**फोन नं.:-०७५-५२०३३३**


## खेलकुद समाचार

# आर्मीलाई हराउँदै मधेश प्रदेश च्याम्पियन



**पोखरा,** मंसिर १५/केपी ओली कप टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि मधेश प्रदेशले जितेको छ । पोखरामा बिहीबार भएको फाइनलमा राष्ट्रिय खेलाडीले भरिएको आर्मीलाई ११ रनले हराएर मधेश च्याम्पियन बनेको हो ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा भएको प्रतियोगिता मधेशले दिएको १३६ रनको लक्ष्य पछ्याएको आर्मीले २० ओभरमा ७ विकेट गुमाएर १२४ रन मात्र बनाउन सक्यो । आर्मीका लागि कप्ता विनोद भण्डारीले सर्वाधिक ३२ तथा विवेक यादवले अविजित २५ रन बनाए । जित लागि अन्तिम ओभरमा आर्मीलाई २४ रन चाहिएको थियो । जसमा विवेक यादवले पहिलो बलमा चौका र दोस्रो बलमा छक्का प्रहार गर्दै आर्मीलाई जितको आशा जिवित राखेका थिए । तर तेस्रो बलमा उनले सिंगल लिएपछि आर्मीलाई ३ बलमा १३ रन चाहियो । ३ बलमा सोमपालले १ रन मात्र जोड्न सके । कप्तान विनोद भण्डारी र सन्तोष कार्कीले आर्मीलाई राम्रो सुरुवात दिलाएका थिए । यो जोडीले पहिलो विकेटका लागि ४.४ ओभरमा ३२ रनको साझेदारी गरेको थियो । तर प्रदीप पासवानले सन्तोषलाई एलबीडब्लू धरापमा पारेपछि आर्मीको विकेट जान थाल्यो । त्यसपछि कप्तान विनोदलाई राष्ट्रिय टिमका कप्तान रोहित पौडेलले क्रिजमा साथ दिए । तर रोहित ११ बल खेलेर ५ रन मात्र बनाई आउट हुँदा आर्मीले ३९ रनमा दोस्रो विकेट गुमायो । ठूलो सट हान्ने चक्करमा रोहितलाई पर्थिक यादवले मायान यादवबाट क्याचआउट गराए । त्यसपछि कप्तान विनोद र बसिर अहमदले इनिङस अघि बढाएका थिए । तर ११ औं ओभरमा मधेशका कप्तान हरिशंकर शाहले ३ विकेट लिएपछि आर्मी दबाबमा परेको थियो । हरिशंकरले उक्त ओभरमा विनोद सहित बसिर र कुशल मल्लको विकेट लिएपछि आर्मीले ५८ रन हुँदा ५ विकेट गुमायो । १३ औं ओभरमा हरिशंकरले नै आर्मीका राजेश पुलामीलाई आउट गरे । आर्मीका लागि भीम सार्कीले एक छेउबाट इनिङ्स सम्हालिरहेका थिए । भीमले २१ बल खेल्दै २ चौका र एक छक्कामा २२ रन बनाएर १७ औं ओभरमा आउट भए । उनलाई प्रदीप पासवानले कट एण्ड बोल्ड गरे । त्यसपछि सोमपाल कामी र विवेक यावदले इनिङ्स सम्हाले पनि जिताउन सकेनन् । विवेक २५ र सोमपाल १६ रनमा अविजित रहे । मधेशका कप्तान हरिशंकर शाहले ४ ओभरमा १९ रन खर्तेर ४ विकेट लिए । प्रदीप पासवानले ४ ओभरमा २६ रन खर्चेर २ विकेट लिए । पर्थिक यादवले ३ ओभर बलिङ गर्दै १४ रन खर्चेर १ विकेट लिए ।

## कर्पोरेट/अर्थ समाचार

# 'बैंक अफ दि इयर २०२३' को उपाधि प्रभु बैंकलाई




**पाल्पा,** मंसिर १५/प्रभु बैंकले 'बैंक अफ दि इयर २०२३' को उपाधि प्राप्त गरेको छ । बेलायतको लन्डनस्थित फाइनान्सियल टाइम्सले प्रकाशित गर्ने पत्रिका 'दि बैंकर'ले सन् २०२३ को 'बैंक अफ दि इयर' बाट प्रभु बैंकलाई सम्मान प्रदान गरेको हो ।

बैंकले एक विज्ञप्ति जारी गरी 'बैंक अफ दि इयर-२०२३ को उपाधि प्राप्त गर्न सफल भएको सुखद् खबर बाँड्न पाउँदा हामी अत्यन्त उत्साहित,' रहेको जनाएको छ । बेलायतमा बिहीबार साँझ भएको एक समारोहमा प्रभु बैंक सञ्चालक समितिका अध्यक्ष लिलाप्रकाश सिटौला, बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) अशोक शेरचनले सम्मान प्राप्त गरेको जनाइएको छ । 'बेलायतको लन्डनस्थित फाइनान्सियल टाइम्सले प्रकाशित गर्ने पत्रिका दि बैंकरले सन् २०२३ को बैंक अफ दि इयरबाट प्रभु बैंकलाई सम्मान प्रदान गरेको हो । सन् २००० देखि दि बैंकरले गर्दै आएको बैंक अफ दि इयर अवार्ड विश्वव्यापी बैंकिङ क्षेत्रमा सबैभन्दा प्रतिष्ठित अवार्ड हो । बैंक अफ दि इयर अवार्डलाई बैंकिङ उत्कृष्टताको मानक अर्थात् बैंकिङ उद्योगको ओस्कार मानिन्छ,' बैंकले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'विश्व अर्थतन्त्र चौतर्फी मन्दीको मारमा रहे पनि प्रभु बैंक नयाँ बजार र ग्राहकहरुको व्यवसायको विकास गर्न चुनौतीहरुको सामना गर्दै अधिक नागरिकलाई वित्तीय सेवा पुर्‍याएको, प्रतिस्पर्धी बैंकका बीचमा विकसित व्यावसायिक वातावरण बनाउन र बलियो वित्तीय कार्यसम्पादन गर्ने क्षमताको मूल्यांकन मापदण्डका आधारमा अवार्डबाट सम्मानित भएको हो ।' 'दि बैंकर'ले विश्वभरका १ सय २० भन्दा बढी राष्ट्रका एक हजारभन्दा बढी बैंकमध्ये हरेक राष्ट्रबाट एउटा उत्कृष्ट बैंकको छनौट गरी 'बैंक अफ दि इयर'बाट वर्षैपिच्छे सम्मानित गर्ने गरेको छ । सम्मान प्राप्तिपछि बैंकका अध्यक्ष सिटौलाले नेपालको बैंकिङ प्रणालीको सफलतामा एउटा ईँटा थप्न सफल भएको बताए । प्रभु बैंकका ३ सय बढी शाखा सञ्जाल, ७१ एक्सटेन्सन काउन्टर, ३ सय १० एटिएम र ३१ लाख सेवाग्राही रहेको जनाएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई